८६५

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

## सूचना आयुक्त किरणकुमार पोखरेल

## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३४८/२०७१/०७२

बाँके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १ घर भइ हाल काठमाडौं बस्ने सुधिर शाह .१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, सहकारी वित्तिय विकास संस्था लि. बाँके ............................................१ विपक्षी

सूचना अधिकारी, सहकारी वित्तिय विकास संस्था लि. बाँके ..........................................१

विषय :- सूचना उपलब्ध गराइसकोले लगत कट्टा गर्ने ।

बाँके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १ घर भइ हाल काठमाडौं बस्ने सुधिर शाहले सहकारी वित्तिय विकास संस्था लि. बाँके समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।१७ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।१२।३०, च.नं ८१५ को पत्रबाट खुलाई पठाई दिनु भनी पत्राचार भएकोमा सहकारी वित्तिय विकास संस्था लि. बाँकेको मिति २०७२।०१।०६, च.नं.४९४ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराई मिति २०७२।०१।१७, च.नं. ४९६ को पत्रबाट निज पुनरावेदकलाई सूचना दिएको भनी यस आयोगमा पत्राचार समेत गरेको । यसमा पुनरावेदकले माग, गरे अनुसार सूचना नपाएको अवस्थामा सो व्यहोराको निवेदन/पुनरावेदन गरेमा अग्रिम कारवाही गर्न सकिने नै हुँदा हाललाई सो सम्वन्धमा थप केही गरिरहनु. परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।